नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**मितिः २०७६।११।१२ मा प्रथम पटक प्रकाशित**

सुरक्षित आप्रवासन परियोजना (सामी), नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौताअनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय तहको नेतृत्वमा सञ्चालित छ । परियोजनाको लागि हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराएको छ । यस परियोजना अन्तर्गत गुल्मी जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न तथा यस जिल्लाका रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका, छत्रकोट गाउँपालिका र इश्मा गाउँपालिकामा समुदायिक सचेतीकरणका कार्यक्रमहरू, मनोसामाजिक परामर्श र वित्तीय साक्षरतासम्वन्धी कार्यक्रमहरू सञ्चालनमा सहयोग पुऱ्याउनका तपसिलका स्थानीय तहहरूलाई निम्नानुसारको जनशक्ति आवश्यकता परेको हुनाले योग्य, अनुभवी नेपाली नागरिकहरूबाट तल उल्लेखित पदहरूका लागि दरखास्त आह्वान गरिएको छ ।

**१.विज्ञापन न.** ००१/२०७६/०७७

**क.पदः** कार्यक्रम संयोजक

**ख.पद संख्या र स्थानीयतहः** १ जना, रेसुङ्गा नगरपालिकामा रही सामी परियोजना संचालन भएको स्थानीय तहहरूसंग काम गर्नु पर्ने ।

**ग.न्यूनतम शैक्षिक योग्यता तथा अनुभवः** शिक्षा, मानविकी तथा सामाजिक संकायमा शिक्षा, व्यवस्थापन, कानून वा सम्बन्धित अन्य विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

**घ. अनुभवः** स्नातक तह उतीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कामको अनुभव, जसमध्ये कम्तिमा २ बर्ष अधिकृत वा सोभन्दा माथिको पदमा रही कार्य गरेको अनुभव भएको । सम्वन्धित सरोकारवालाहरूसंग राम्रो समन्वय गर्न सक्ने, तालिममा सहजीकरण गर्ने सीप, कम्प्युटर सफ्टवेयरहरू (MS word, Excel, Power point) को दक्षता भएको साथै इमेल, इन्टरनेट चलाउन सक्ने, स्थानीय भाषा बुझ्ने र बुझाउन सक्ने हुनुका साथै नेपाली तथा अंग्रेजी भाषामा प्रतिवेदन लेख्ने सीप भएको।

**२.विज्ञापन न.**०२/२०७६/०७७

**क.पदः** लेखा तथा प्रशासन अधिकृत

**ख.पद संख्या र स्थानीयतहः** १ जना, रेसुङ्गा नगरपालिकामा रही सामी परियोजना संचालन भएको स्थानीय तहहरूसंग काम गर्नु पर्ने ।

**ग.न्यूनतम शैक्षिक योग्यता तथा अनुभवः** व्यवस्थापन वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको ।

**घ.अनुभवः** कम्तिमा ३ वर्षको सम्बन्धित कार्यानुभव भएको । कम्प्युटर सफ्टवेयरहरू (MS word, Excel, Power point) को दक्षता भएको साथै इमेल, इन्टरनेट चलाउन जानेको । नेपाल सरकारको लेखा प्रणालीमा काम गरेकोलाई प्राथमिकता दिईने छ ।

**३.विज्ञापन न.**०३/२०७६/०७७

**क) पदः** आप्रवासी स्रोत केन्द्र सूचना तथा परामर्श कर्ता

**ख) पद संख्या र स्थानीयतहः** २ जना (१ जना महिला र १ जना पुरुष ) रेसुङ्गा नगरपालिका, आप्रवासी स्रोत केन्द्र

**ग) न्यूनतम शैक्षिक योग्यता तथा अनुभव :** न्युनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उतिर्ण गरेको ।

**घ) अनुभव :**परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको । कम्प्युटर सफ्टवेयरहरू (MS word, Excel, Power point) को दक्षता भएको । जिल्लामा चलन चल्तीको स्थानीय भाषा बोल्न सक्ने ।

**४.विज्ञापन न.**०४/२०७६/०७७

**क) पद :** मनोसामाजिक परामर्शकर्ता

**ख) पद संख्या र स्थानीय तहः** ४ जना (३ जना महिला अनिवार्य) रेसुङ्गा नपा-१ जना , मुसिकोट नपा-१ जना, छत्रकोट गापा-१ जना र इश्मा गापा-१ जना

**ग) न्यूनतम शैक्षिक योग्यताः** न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण गरेको ।

**घ) अनुभवः** मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सोसम्बन्धी आधारभूत तालिम लिएको वा परामर्शसम्बन्धी १ वर्षको अनुभव रहेको । २५ वर्षभन्दा माथिको उमेर समुहका उम्मेदवारलाई प्राथमिकता दिईने ।

**५.विज्ञापन न.**०५/२०७६/०७७

**क) पद : वित्तीय साक्षरता सहजकर्ता**

**ख) पद संख्या र स्थानीय तहः** ४ जना (३ जना महिला अनिवार्य) रेसुङ्गा नपा-१ जना , मुसिकोट नपा-१ जना, छत्रकोट गापा-१ जना र इश्मा गापा-१ जना

**ग) न्यूनतम शैक्षिक योग्यता:** न्यूनतम प्रविणता प्रमाण पत्रतहवा १०+२ उतिर्ण गरेको ।

**घ)अनुभव:** वित्तीय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको । २५ वर्षभन्दा माथिका उमेर समुहका उम्मेदवार लाई प्राथमिकता दिईने छ ।

**६.विज्ञापन न.**०६/२०७६/०७७

**क) पद:** रिटर्नी स्वयंसेवक (आँशिक समय)

**ख) पद संख्या र स्थानीय तह:** (१२ जना) रेसुङ्गानपा-३ जना, मुसिकोट नपा-३ जना, छत्रकोट गापा-३ जना र इश्मा गापा-३ जना

**ग) न्यूनतम शैक्षिक योग्यता:** न्यूनतम कक्षा ८ पास गरेको ।

**घ) अनुभव:** खाडी मुलुक वा मलेसियामा गई कम्तिमा १ वर्ष काम गरेको ।

**कार्य अवधि:** हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने छ ।

**परिक्षाको किसिम:** विज्ञापन नं.०१/०६६/०७७ देखि विज्ञापन नं. ०५/०७६/०७७ को लिखित र अन्तरवार्ता एवम् विज्ञापन नं.०६/०७६/०७७ को हकमा अन्तरवार्ता मात्र।

**तलव तथा अन्य सुविधा:** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरू:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले नेपाली नागरिकताको फोटोकपी, अनुभवको प्रमाणपत्र कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरूको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी र पासपोर्ट साईजको एक प्रति फोटोका साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदनसहित सम्बन्धित स्थानीय तहहरू (रेसुङ्गा नगरपालिका/मुसिकोट नगरपालिका/छत्रकोट गाउँपालिका/इश्मा गाउँपालिका) मा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रिया**

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरू लाई मात्र लिखित (विज्ञापन नं.०६।०७६।०७७ बाहेक) र मौखिक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरू खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरूको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रक्रृया अवलम्बन गरिनेछ । साथै सबै विज्ञापनको हकमा सुरक्षित आप्रवासन (वैदेशिक रोजगार) मा काम गरेको सम्बन्धित स्थानीय तहको उम्मेदवारलाई प्राथमिकता दिईने छ ।

**दरखास्त दिने अन्ति ममिति** :२०७६।११।२७ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिकविदा परेमा विदाको भोलिपल्ट निवेदनबुझाउन सकिने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना:** सम्बन्धित स्थानीयतहहरू (रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका, छत्रकोट गाउँपालिका र इश्मा गाउँपालिका) वा संयुक्त स्थानीय तह कर्मचारी छनौट समितिको सचिवालयको सम्पर्क नं.०७९-५२०१५०/९८५७०६१७४४ वा इमेल:gautam_sp25@yahoo.com मा सम्पर्क गर्न सकिने छ ।

कर्मचारी छनोट समिति, गुल्मी